

# बजार अवलोकन ३९

## फागुन, २०६८

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***गत एक महिनाको अवधिमा विभिन्न बजारहरुमा गरिएको प्राय खाद्य बस्तुहरुको अनुगमनले मूल्यमा न्यून उतार चढाव आएको देखायो जुन देशभर खाद्यान्न आपूर्तिमा सुधार आएको संकेत हो ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित समग्र (macro) आर्थिक अवस्थाको पछिल्लो प्रतिवेदनका अनुसार खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्ग गत वर्ष यहि समयको १६.६ प्रतिशत बृद्धिको तुलनामा २०६८ फागुनमा ४.१ प्रतिशतका दरले मात्र बृद्धि भयो ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रम द्वारा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्यले गत एक महिनामा न्यून रुपमा घटबढ देखायो । मोटा चामलको औसत मूल्यमा २.० प्रतिशतका दरले कमी आई प्रति किलो रु. ३२.८ भयो भने गहुँको औसत मूल्यमा ०.९ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ३५.२ भयो । मास र मुसुरोको औसत मूल्यमा क्रमशः १.८ प्रतिशत र १.९ प्रतिशतका दरले कमी आई प्रति किलो रु. १०७.९ र रु. ९२.३ भयो । रातो आलुको मूल्यमा पनि १.३ प्रतिशतका दरले कमी आई प्रति किलो रु. २३.२ भयो । २०६८ पुषको तुलनामा गहुँको पिठोको मूल्य वाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृति देखायो । यसै गरी, गत वर्ष यही समयको तुलनामा अपवादका रुपमा भटमासको तेल र रातो आलुको मूल्य वाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृति देखायो ।

राष्ट्रिय औसत मूल्यको भन्दा क्षेत्रीय बजारहरुको मूल्य प्रवृति भिन्न देखाएको छ । उदाहरणका लागि, गत एक महिनामा मुख्य उपभोक्ता बजारहरुमा मोटा चामलको मूल्य ५.६ प्रतिशतका दरले घट्यो भने तराई बजारहरुमा यसको मूल्य स्थिर रह्यो । यद्यपि, २०६७ फागुनको तुलनामा भने क्षेत्रीय बजारहरुको प्राय खाद्य बस्तुहरुको मूल्य राष्ट्रिय औसत मूल्यको प्रवृति सँग मिल्दोजुल्दो रह्यो । उद्योग वाणिज्य महासंघ/ कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा अपवादका रुपमा खाने तेलहरु बाहेक प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए ।

नेपाल आयल निगमले हरेक ईन्धनको मूल्यमा रु. ४ का दरले पुन बृद्धि गरेको छ । बृद्धि पश्चात पेट्रोलको मूल्य प्रति लिटर रु. १२० भएको छ भने डिजल र मट्टितेलको मूल्य प्रति लिटर रु. ८९.० भएको छ । ईन्धनको मूल्यमा भएको निरन्तर बृद्धि बिशेषतः देशभर नै चासोको विषय हो भने खास गरी खाद्य असुरक्षित जिल्लाहरुमा यसले ढुवानी खर्चमा बृद्धि गराई खाद्यान्न मूल्य बृद्धि हुने हुनाले पनि यो विशेष चिन्ताको विषय हो ।

नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित समग्र आर्थिक अवस्थाको प्रतिवेदन (आ. व. २०६८ को पहिलो सात महिनाको अवधि) ले मूल्य स्फीतिको दर सापेक्षिक रुपमा स्थिर रहेको देखाएको छ । फागुन महिनामा वार्षिक मूल्य स्फीति गत वर्ष यही समयको १०.२ प्रतिशतको तुलनामा ७.० प्रतिशतमा कायम रह्यो । खाद्य तथा पेय पदार्थको मूल्य स्फीति १६.६ प्रतिशत बृद्धिको तुलनामा ४.१ प्रतिशतका दरले बृद्धि भयो भने गत वर्ष १२.२ प्रतिशतका दरले बृद्धि भएको अन्नहरुको मूल्य स्फीति हाल १.१ प्रतिशतले घट्यो । यद्यपि, गत वर्षको ९.२ प्रतिशत बृद्धिको तुलनामा ढुवानीको मूल्य स्फीति १८.५ प्रतिशतले बृद्धि भयो ।

### आपूर्ति

२०६८ फागुनमा स्थानीय स्तरमा भएका केही बन्द हडतालका कार्यक्रमहरु (हरेक सुदूर पश्चिमी र मेचि-कोशी क्षेत्रमा भएको एक दिने बन्द) भएतापनि सार्वजनिक यातायातका साधनहरुमा सो को कम प्रभाव पर्नाले देशभर आपूर्ति अवस्था सामान्य रह्यो । सार्वजनिक यातायात निर्विघ्न रुपमा सञ्चालन भएको फलस्वरुप पहाडी तथा हिमाली बजारहरुका धैरै व्यापारीहरुले खाद्य सँचिती बढाएका छन् । आउँदो महिनामा हिउँदे बाली पाक्ने र भित्र्याउने काम सुरु हुने हुनाले घरधुरीहरुको खाद्य सँचितीमा बृद्धि हुने अनुमान छ ।

### पूर्वानुमान


ईन्धनको मूल्य पुन बृद्धि भएको हुनाले यातायत खर्च महंगो हुन गई खाद्य बस्तुहरुको मूल्य अझ बृद्धि हुने अनुमान छ । यद्यपि, गहुँ जस्ता हिउँदे बालीहरु चैत्र महिनाबाट भित्र्याइने क्रम सुरु हुने हुनाले आउँदा केही महिनाहरुमा यी बस्तुहरुको मूल्य भने स्थिर रहने अनुमान छ ।

भित्र्याउनका लागि तयार हुन लागेको हिउँदे बालीको उत्पादन पूर्वानुमान देशभर सामान्य रहेको छ र सामान्य उत्पादन हुने अनुमान छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/के जि, लि | परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **इन्धन** | ४.० | ३.४-४.७ % | विश्वव्यापी रुपमा भएको मूल्य बृद्धि । नेपाल आयल निगमको निरन्तर नोक्सानीलाई कम गर्ने प्रयास । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६८ फागुन महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | ०.० | ०.० | २.९ | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | १३३.० | ०.० | १०.८ | १७.७ | ► | ▲ | ▲ |
| | कुखुराको मासु | २२५.० | १८.४ | ३६.४ | -८.२ | ▲ | ▲ | ► |
| | तोरीको तेल | १३७.० | ०.० | ३.० | ७.९ | ► | ► | ► |
| | मास | १०५.० | ०.० | ०.० | -१६.० | ► | ► | ▼ |
| | मुसुरो | ८३.० | ०.० | ०.० | -२१.० | ► | ► | ▼ |
| | आलु | २२.० | -८.३ | -१२.० | -४.३ | ▼ | ▼ | ► |
| पोखरा | मोटा चामल | ४०.० | -११.१ | -११.१ | -४.८ | ▼ | ▼ | ► |
| | गहुँको पिठो | ३३.० | ०.० | ०.० | -८.३ | ► | ► | ► |
| | भटमासको तेल | १२५.० | ०.० | २.५ | ८.७ | ► | ► | ► |
| | कुखुराको मासु | २९०.० | ३८.१ | ३८.१ | -६.५ | ▲ | ▲ | ► |
| | तोरीको तेल | १५०.० | ०.० | १.४ | ७.१ | ► | ► | ► |
| | मास | १०८.० | २.९ | -१.८ | -१.८ | ► | ► | ► |
| | मुसुरो | ८५.० | ०.० | ०.० | -७.६ | ► | ► | ► |
| | आलु | २३.० | -८.० | -२०.१ | १९.८ | ▼ | ▼ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | २७.७ | -९.८ | -१.२ | -१०.८ | ▼ | ► | ► |
| | गहुँको पिठो | २८.३ | -१.२ | -५.६ | -२.३ | ► | ► | ► |
| | भटमासको तेल | १३३.३ | ११.१ | ११.१ | २७.० | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | २४०.० | ३३.३ | ०.० | -२०.० | ▲ | ► | ▼ |
| | तोरीको तेल | १४८.३ | ६.० | ०.२ | १८.७ | ▲ | ► | ▲ |
| | मास | ९०.० | -१८.२ | -१४.३ | -१७.४ | ▼ | ▼ | ▼ |
| | मुसुरो | ७०.० | -२.३ | -६.७ | -१२.५ | ► | ► | ► |
| | आलु | १३.७ | ५.२ | -२८.१ | १३.९ | ▲ | ▼ | ► |
| बिरगंज | मोटा चामल | ३१.० | ६.९ | २९.२ | -६.१ | ▲ | ▲ | ► |
| | गहुँको पिठो | ३१.० | ३.३ | -३.१ | -८.८ | ► | ► | ► |
| | भटमासको तेल | १३५.० | ०.७ | ३.८ | १७.४ | ► | ► | ▲ |
| | कुखुराको मासु | २२०.० | ०.० | -८.३ | ०.० | ► | ► | ► |
| | तोरीको तेल | १४५.० | ०.० | ७.४ | ११.५ | ► | ► | ► |
| | मास | १००.० | ०.० | ८.७ | ०.० | ► | ► | ► |
| | मुसुरो | ७५.० | ०.० | ७.१ | -१२.८ | ► | ► | ► |
| | आलु | १४.० | ०.० | -३६.४ | ०.० | ► | ▼ | ► |
| नेपालगंज | मोटा चामल | २८.० | ०.० | १२.० | -१.२ | ► | ▲ | ► |
| | गहुँको पिठो | ३२.० | ०.० | २८.० | -१.० | ► | ▲ | ► |
| | भटमासको तेल | १३३.३ | ०.० | २.६ | ४५.४ | ► | ► | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | १२.० | २०.० | ► | ▲ | ▲ |
| | तोरीको तेल | १५५.० | ०.० | -३.१ | ३१.० | ► | ► | ▲ |
| | मास | ८१.७ | ०.० | ०.० | -५.८ | ► | ► | ► |
| | मुसुरो | ७०.० | ०.० | ०.० | -२२.२ | ► | ► | ▼ |
| | आलु | २१.७ | ४४.५ | ८.४ | २५.० | ▲ | ► | ▲ |
| धनगढी | मोटा चामल | ३७.५ | ३.० | ४.२ | ७.१ | ► | ► | ► |
| | गहुँको पिठो | ३३.० | ३.१ | ६.५ | १०.० | ► | ► | ► |
| | भटमासको तेल | १२०.० | ०.० | १४.३ | २०.० | ► | ▲ | ▲ |
| | कुखुराको मासु | २३०.० | ६४.३ | -८.० | -११.५ | ▲ | ► | ► |
| | तोरीको तेल | १४८.० | २.८ | ५.७ | ७.२ | ► | ► | ► |
| | मास | १४४.० | ५.१ | २.९ | २०.० | ▲ | ► | ▲ |
| | मुसुरो | १२५.० | ८.७ | १३.६ | १३.६ | ▲ | ▲ | ► |
| | आलु | २०.० | ३३.३ | ०.० | ३३.३ | ▲ | ► | ▲ |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २५.० | ०.० | ०.० | -१०.७ | ► | ► | ► |
| | गहुँको पिठो | २२.० | ०.० | -८.३ | -१२.० | ► | ► | ► |
| | भटमासको तेल | ९०.० | ०.० | ०.० | -५.३ | ► | ► | ► |
| | कुखुराको मासु | २२०.० | ०.० | २२.२ | -१५.४ | ► | ▲ | ▼ |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | -३.२ | ► | ► | ► |
| | मास | १०५.० | ०.० | १०.५ | -२६.१ | ► | ▲ | ▼ |
| | मुसुरो | १०४.० | ०.० | ९.५ | -२०.० | ► | ► | ▼ |
| | आलु | १४.० | ०.० | -१२.५ | -६.७ | ► | ▼ | ► |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | २७.० | -३.६ | -१०.० | -१५.६ | ► | ► | ▼ |
| | गहुँको पिठो | ३६.० | ०.० | ०.० | ५.९ | ► | ► | ► |
| | भटमासको तेल | १३५.० | ०.० | ३.८ | १२.५ | ► | ► | ► |
| | कुखुराको मासु | २४०.० | ०.० | ०.० | -३०.४ | ► | ► | ▼ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मुसुरो | ८०.० | ०.० | -५.९ | -११.१ | ► | ► | ► |
| | आलु | २५.० | ०.० | ०.० | २५.० | ► | ► | ▲ |
| रोल्पा | मोटा चामल | ३३.० | ३.१ | ०.० | -५.७ | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -३६.४ | ► | ► | ▼ |
| | भटमासको तेल | १४०.० | ०.० | २१.७ | ७.७ | ► | ▲ | ► |
| | कुखुराको मासु | २७०.० | ०.० | -३.६ | ०.० | ► | ► | ► |
| | मास | ९५.० | -१३.६ | -२०.८ | -२०.८ | ▼ | ▼ | ▼ |
| | मुसुरो | ९५.० | -५.० | -२०.८ | -२६.९ | ► | ▼ | ▼ |
| | आलु | २५.० | -२८.६ | -२८.६ | -१६.७ | ▼ | ▼ | ▼ |
| सांफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ९.४ | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | कुखुराको मासु | १६०.० | -५.९ | ६.७ | २३.१ | ▼ | ► | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | -४.० | ► | ► | ► |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ३०.० | -१४.३ | -१४.३ | ०.० | ▼ | ▼ | ► |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | १७०.० | ०.० | २१.४ | ६.३ | ► | ▲ | ► |
| | कुखुराको मासु | ३२०.० | ०.० | ०.० | ६.७ | ► | ► | ► |
| | मास | १००.० | ०.० | ०.० | -२८.६ | ► | ► | ▼ |
| | मुसुरो | १००.० | ०.० | ०.० | -२८.६ | ► | ► | ▼ |
| | आलु | ४०.० | ०.० | १४.३ | १६६.७ | ► | ▲ | ▲ |
| बाजुरा | मोटा चामल | ३१.० | -३.१ | ३.३ | -११.४ | ► | ► | ► |
| | गहुँको पिठो | ४२.० | २०.० | २०.० | १६.७ | ▲ | ▲ | ▲ |
| | सीमी | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मास | १००.० | -९.१ | ०.० | -१६.७ | ▼ | ► | ▼ |
| | मुसुरो | १००.० | -९.१ | ०.० | -१६.७ | ▼ | ► | ▼ |
| | आलु | ३०.० | ०.० | ०.० | २०.० | ► | ► | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | २४०.० | ०.० | ०.० | ८४.६ | ► | ► | ▲ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | १००.० | ०.० | ०.० | -१६.७ | ► | ► | ▼ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| डोल्पा | मोटा चामल | ९०.० | ०.० | -५.३ | -५.३ | ► | ► | ► |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | १८.२ | ► | ► | ▲ |
| | भटमासको तेल | २००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | २००.० | ०.० | ०.० | ३३.३ | ► | ► | ▲ |
| | मास | २००.० | ०.० | १७.६ | १७.६ | ► | ▲ | ▲ |
| | मुसुरो | १३०.० | -३५.० | -३५.० | -३५.० | ▼ | ▼ | ▼ |
| | आलु | ४०.० | ०.० | ०.० | १४.३ | ► | ► | ► |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

► सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।